काठमाडौं जिल्ला अदालत

बबरमहल, काठमाडौं
(प्रशासन शाखा)

पत्र संख्याः ०८३/०८४
चलानी नः

इमेलःadmin.dckathmandu@supremecourt.gov.np

लेखापढी व्यवसायीको प्रमाणपत्र अद्यावधिक गर्ने सम्बन्धी जरुरी सूचना।

(सूचना प्रकाशन मितिः २०८३।०५।०३)

लेखापढी व्यवसायी सम्बन्धी नियमावली, २०५१ (दोस्रो संसोधन २०८३) को नियम ३ को उपनियम (२) बमोजिम प्रमाणपत्र लिएका व्यक्तिले सोही नियमको उपनियम (५) बमोजिम नवीकरण गरी उपनियम (६) बमोजिम परिचयपत्र प्राप्त गर्न प्रस्तुत सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र निम्न बमोजिमका कागजात सहित अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

आवश्यक कागजातहरुः

१. नवीकरण गरी पाउँ भन्ने निवेदन र रु.१०/- दस्तुर तिरेको रसिद,
२. नेपाली नागरिकताको प्रतिलिपि,
३. न्यूनतम शैक्षिक योग्यताको प्रतिलिपि,
४. लेखापढी व्यवसायीको प्रमाणपत्रको प्रतिलिपि,
५. लेखापढी व्यवसायीको सक्कल प्रमाणपत्र,
६. पासपोर्ट साइजको फोटो २ थान,
७. नवीकरण दस्तुरः रु.१,०००/- (एक हजार रुपैयाँ मात्र) र सो दस्तुर दाखिल गरेको बैंक भौचर,

•थप जानकारीको लागि प्रशासन शाखामा सम्पर्क गर्नुहोला।

(घनेन्द्र अधिकारी)
सेस्तेदार-उपसचिव

बोधार्थः

१. श्री नेपाल लेखापढी व्यवसायी एशोसियसन, जिल्ला समन्वय समिति, काठमाडौंः आवश्यक सहजीकरणका लागि।